"पाँचखाल नगर-कृषि सहर"

# पाँचखाल नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

प.सं.: 0७८/७९
च.नं.:

फोन नं.: ०११-४९९४५१
फ्याक्स: ०११-४९९२३७

मिति : २०७८/०९/१४

सूचना ! सूचना !! सूचना !!!

**आ.व.०७८/०७९ को प्रदेश सरकारबाट पाँचखाल नगरपालिकालाई हस्तान्तरण भएको** अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुर्नस्थापना सहयोग कार्यक्रम अपाङ्गता भएका कार्यरत काभ्रेपलाञ्चोक जिल्ला पाँचखाल नगरपालिकाभित्रका संघ, संस्था, बालगृहलाई निवेदन आह्वानको लागि 'अनुदान उपलब्ध गराउने सम्बन्धि ऐन २०७५ तथा कार्यविधि २०७७' बमोजिम कार्यविधिमा तोकिएको मापदण्ड पुरा गरी सूचिकृत हुन मिति २०७८/०९/१४ गतेदेखि २०७८/०९/२८ गतेभित्र कार्यालय समयभित्र पाँचखाल नगरपालिका महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखामा दर्ता हुने गरी निवेदन आह्वानको लागि यो सूचना प्रकाशन गरिएको छ ।

जानकारीको लागि 'अनुदान उपलब्ध गराउने सम्बन्धि कार्यविधि २०७७' को अनुसूची १ बमोजिम अनुदान प्राप्त गर्ने बालगृह वा संघसंस्थाको निवेदनमा संलग्न हुनुपर्ने विवरण तोकिए बमोजिम हुनुपर्ने छ । सो विवरण यसै सूचनाका साथ रहेको छ ।

०७८।९।१४

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची - १

(दफा ९ को उपदफा (३) सँग सम्बन्धित)

**अनुदान प्राप्त गर्ने बाल गृहको निवेदनमा संलग्न हुनु पर्ने विवरण र कागजातहरूको प्रमाणित प्रतिलिपिहरु देहाय बमोजिम हुनु पर्नेछ:-**

(क) सम्बन्धित स्थानीय तहको सिफारिस,

(ख) प्रचलित कानून बमोजिम संस्था दर्ता तथा नवीकरण प्रमाण-पत्र,

(ग) बाल गृह सञ्चालन अनुमति पत्र तथा नवीकरण प्रमाण-पत्र,

(घ) बाल गृह सञ्चालकहरुको व्यक्तिगत विवरण,

(ङ) संस्था तथा बाल गृहको अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन,

(च) बाल गृहको भौतिक अवस्था देखिने विवरण,

(छ) बाल गृहको जनशक्तिको अवस्था,

(ज) बाल गृहको संक्षिप्त प्रोफाइल,

(झ) बाल गृह सञ्चालक समिति/व्यवस्थापन समितिले अनुदान माग गरेको निर्णयको प्रतिलिपि,

(ञ) संस्था तथा बाल गृहको विधान,

(ट) स्थानीय तह, प्रदेश सामाजिक विकास मन्त्रालय वा अन्य कुनै अन्तर्राष्ट्रिय गैर सरकारकारी संस्थाबाट व्यहोरिने सुनिश्चित भएको स्रोत सम्वन्धी विवरण,

(ठ) प्रस्तावित कार्यक्रममा प्रशासनिक खर्च कूल लागतको बढीमा ४०% भन्दा बढी नहुने सुनिश्चितता सहितको प्रस्तावित वजेट रकम विवरण,

(ड) समाज कल्याण परिषद् वा त्यस्तो निकायमा आवद्ध भएको प्रमाण-पत्र,

(ढ) स्वीकृत बाल संरक्षण मापदण्डको प्रतिलिपि,

(ण) स्थायी लेखा नं. (पान नं.) प्रमाण-पत्र,

(त) कर चुक्ता प्रमाण-पत्र,

(थ) संस्थाको अघिल्नो आर्थिक वर्षको वार्षिक प्रगति प्रतिवेदन

(द) परिषद्ले माग गरेका अन्य कागजात भए सो समेतको विवरण तथा प्रतिलिपि

प्रमुख प्रशासकीय अधिकृत

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

## अनुसूची - २

(दफा ९ को उपदफा (४) सँग सम्बन्धित)

**अनुदान प्राप्त गर्ने बाल गृहले पेश गर्नुपर्ने अवधारणा पत्रको ढाँचा (२ पेजमा नबढाई)**

(क) कार्यक्रमको नामः

(ख) प्रस्तावित कार्यक्रमको संक्षिप्त विवरणः

(ग) उद्देश्यः

(घ) बालगृहमा रहेका अपाङ्गता भएका बालबालिकाको प्रकार (कानूनमा तोकिएको दश वटा र अपाङ्गता परिचय-पत्र अनुसारको वर्गीकरण उल्लेख गर्ने):

(ङ) क्रियाकलापः

(च) कार्यक्रम अवधिः

(छ) अनुमानित कूल लागत रकमः

(१) स्थानीय निकायको अंश रू.

(२) बाल गृहको अंश रू.

(३) परिषद्बाट माग गरिएको अंश रू.

(ज) बालगृहले हाल सञ्चालन गरिरहेको कार्यहरुको आर्थिक तथा भौतिक क्रियाकलापहरुको विवरण संक्षेपमा उल्लेख गर्नेः

प्रमुख प्रशासकीय अधिकृत

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल